# कालिका पावर कम्पनी लिमिटेड

भरतपुर-१०, चितवन

फोनः ०५६-५२०४५६, फ्याक्सः ०५६-५२००५६

Email: info@kalikagroup.com, www.kalikapower.com.np


## बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०९/०९)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०७८/०९/०८ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०७७/०७८ को बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुंदा साधारण सभामा उपस्थितिको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुमा यो सूचना प्रकाशित गरिएको छ ।

### सभा हुने मिति, समय र स्थानः

**मिति** : २०७८ साल पौष महिना ३० गते शुक्रबार ।

**समय** : बिहान ११ बजे

**स्थान** : कम्पनीको रजिर्ष्टड कार्यालय भरतपुर-१०, चितवन

### छलफल गरिने प्रस्तावहरु (एजेण्डाहरु):

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. आ.व. २०७८/०७९ को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संचालक समितिको तर्फवाट आ.व.०७७/०७८ मा गरेको संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा

५. यस कम्पनीको संस्थापक शेयरधनी समुहमा रहेका संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व हुने ४ जना संचालकहरुको निर्वाचन गर्ने ।

६. संचालक समितिको सिफारीस बमोजिम यस कम्पनीको आ.व.०७७/०७८ को संचित मुनाफावाट हाल कायम चुक्ता पुँजी रु.६०,००,००,०००।- को ०.७८९५ प्रतिशतले हुन आउने रकम रु.४७,३७,०००।- (अक्षरेपी सत्चालिस लाख सैतिस हजार मात्र) नगद लाभांस (बोनस शेयर बापतको कर प्रयोजनको लागि मात्र) वितरण गर्न स्वीकृत गर्ने ।

२. विशेष प्रस्तावहरुः

क. संचालक समितिको सिफारीस बमोजिम यस कम्पनीको आ.व.०७७/०७८ को संचित मुनाफावाट हाल कायम चुक्ता पुँजी रु. ६०,००,००,०००।- को १५ प्रतिशतले हुन आउने रकम रु.९,००,००,०००।- (अक्षरेपी नौ करोड मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

ख. प्रवन्धपत्रको दफा नियमावलीको नियम संसोधन गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित गर्ने ।

ग. प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संसोधनका सम्वन्धमा नियमनकारी निकायवाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संसोधन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धि विशेष प्रस्ताव पारित गर्ने ।

३. विविध विषयमा छलफल ।

**संचालक समितिको आज्ञाले**

**कम्पनी सचिव**

### बार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु

१. साधारण सभा प्रयोजनको लागि मिति २०७८/०९/१९ गतेदेखि २०७८/०९/२१ गते सम्म यस कम्पनीको शेयरधनी दर्ता किताव बन्द हुनेछ । नेपाल स्टक लिमिटेडमा मिति २०७८/०९/१८ गते सम्म कारोबार भई सो मितिबाट ४ दिन भित्र यस कम्पनीको शेयर रजिष्टार ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौंबाट प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन योग्य हुनेछन् ।

२. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिर पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १० बजेदेखि सभा संचालन रहेसम्म खुल्ला रहनेछ ।

३. साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा बार्षिक पुस्तिकामा संलग्न भएको प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाणपत्र साथमा लिई सभामा भाग लिनुहुन अनुरोध छ ।

४. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको बार्षिक आर्थिक विवरण संचालकको प्रतिवेदन र लेखा परिक्षकको प्रतिवेदन कम्पनीको रजिष्टर्ड कार्यालय तथा कम्पनीको वेभसाइट www.kalikapower.com.np बाट प्राप्त गर्न सकिनेछ ।

५. सभामा भागलिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय भरतपुर-१०, चितवन वा कम्पनीको कर्पोरेट कार्यालय कालिका टावर बालुवाटार काठमाडौंमा प्रोक्सी फाराम दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि प्रोक्सी नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ । प्रोक्सी फारामको ढाँचा कम्पनीको वेभसाइट www.kalikapower.com.np बाट डाउनलोड गर्न सकिनेछ ।

६. संरक्षक रहनुभएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयरलगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

७. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत कित्तामा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि नियुक्तगरिएको एक व्यक्तिले मात्रै सभामा भाग लिन पाउनेछन् ।

८. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, व्याग आदि नल्याउनुहुन अनुरोध छ । सभाको सुरक्षाको लागि खटिएका सुरक्षाकर्मीहरुले सुरक्षा जाँच गर्न सक्ने हुँदा कार्यमा सहयोग गरि दिनुहुन समेत अनुरोध गरिन्छ ।

९. अन्य कुनै जानकारीको लागि कम्पनीको रजिर्ष्टड कार्यालय भरतपुर-१०, चितवन वा कम्पनीको कर्पोरेट कार्यालय कालिका टावर बालुवाटार काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

१०. संस्थापक शेयरधनी समुहको प्रतिनिधित्व गर्ने संचालक समितिका सदस्यहरुको निर्वाचन सम्वन्धि प्रक्रियाको विस्तृत विवरण निर्वाचन समितिले प्रकाशित गर्नेछ ।